# सुरक्षा गार्ड तथा सरसफाइको सेवा करारमा लिने सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हान
**MLTO/SQ- 01/2075-76 (Security Service For** Medium-Level Taxpayer Office**)**

प्रथम पटक प्रकाशित मितिः २०७५/०५/०७

१. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलको आर्थिक वर्ष ०७५।०७६ को लागि देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।
सुरक्षा गार्ड संख्याः ५ जना(एक महिला अनिवार्य)
सरसफाई गर्ने संख्या ५ जना (१ माली, १ स्वीपर )
आवश्यक सेवा अवधिः सम्झौता भएको मितिले १ बर्ष ( सेवा सन्तोषजनक रहेमा म्याद थप गर्न सकिने)

२. सिलबन्दी प्रस्ताव फाराम तथा यस सम्बन्धि थप जानकारी **मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, फोन नं. ४२६८६०७** वाट प्राप्त गर्न सक्नेछ ।

३. प्रस्ताव सम्बन्धी कागजात **२०७५।५।०७** देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र, ( मू.अ.करमा समेत दर्ता भएको) आ.व. ०७३।०७४ को कर चुक्ता प्रमाण–पत्रको प्रमाणित प्रतिलिपी र रु. १०००।– (फिर्ता नहुने गरी) दस्तुर **एभरेष्ट वैंक लि. बबरमहलको बैक खाता नं. ००१००१०६२००००००, कार्यालय कोड नं. ३०—५०—३३ —५३९ मा (राजस्व शिर्षक नं. १४२२९** ) बुझाएको सक्कलै बैंक भौचर संलग्न राखी निबेदन पेश गरी प्रस्ताव खरीद गर्न सकिनेछ । प्रस्ताव सम्बन्धी कागजात **२०७५/०५/२१** गते कार्यालय समयसम्म यस कार्यालयको लेखा शाखावाट उपलब्ध हुनेछ ।

४. खरीद भएको सिलबन्दी प्रस्ताव **२०७५/०५/२२** गते मध्यान्न १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । सिलवान्दी दरभाउ फारममा दरभाउपत्र दाताले रीतपूर्वक सहिछाप गरेको हुनुपर्नेछ । अन्यथा स्वीकृत गरिने छैन ।

५. सिलबन्दी प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिने दिनवाट ४५ दिनको हुनु पर्नेछ र सिलबन्दी प्रस्ताव साथ सरसफाइ कार्यका लागि कम्तिमा **रु २८०००/–** र सुरक्षा गार्ड सेवाको लागि कम्तिमा रु ४४०००/– बराबरको जमानत वापत नगद रकम को.ले.नि.का. काठमाडौको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबर सिलबन्दी प्रस्ताव खोलिने मितिबाट कम्तिमा ७५ दिन ( **२०७५/०८/०५ सम्म**) म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

६. दर्ता भएका सिलबन्दी प्रस्ताव **२०७५/०५/२२** गते दिउंसो २:०० बजे सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

७. सिलबन्दी प्रस्ताव खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा कूल ठेक्का अंकको ५ प्रतिशत ले हुने रकम बरावरको नगद जमानी वा घटीमा १३ महिना म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

११. सिलबन्दी प्रस्ताव पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलमा निहित रहनेछ ।

१२. एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी प्रस्ताव फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१३. एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

१४. यस सूचनामा परेका कुरामा यसै बमोजिम र अन्य कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।